## लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः८    संख्याः ०६    मितिः २०८२/१२/०६


### भाग -१

### लालीगुराँस नगरपालिका, तेह्रथुम

# लालीगुराँस नगरपालिकाको आर्थिक ऐन,२०८२ (प्रथम संशोधन) ऐन, २०८२

नगर सभाबाट पारित मितिः २०८२।१२।०५

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८२।१२।०६

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका, तेह्रथुमको आर्थिक वर्ष २०८२/०८३ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न सोह्रौ नगर सभाबाट पारित भएको लालीगुराँस नगरपालिकाको आर्थिक ऐन, २०८२ मा नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गराउने केही शीर्कहरु थप गर्न वाञ्छनीय भएकोले, लालीगुँरास नगरपालिकाको सत्रौं नगर सभाको पहिलो बैठकले यो संशोधन विधेयक पारित गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "लालीगुराँस नगरपालिकाको आर्थिक ऐन,२०८२ (प्रथम संशोधन) ऐन,२०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात्त लागु हुनेछ।

**२.** दफा ७ सँग सम्बन्धित अनुसूची-६ को खण्ड ३ नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा शीर्षकको क्र.सं. 'ख' पछि देहायका शीर्षक थप गरिएको छः

| | | |
|---|---|---|
| ग | 'घ' वर्गको निर्माण व्यवसायको इजाजत (दर्ता शुल्क) | १०,०००।- |

**३.** दफा ७ सँग सम्बन्धित अनुसूची-६ को खण्ड ११ सञ्चार सेवा शीर्षकको क्र.सं. 'घ' पछि देहायका शीर्षक थप गरिएको छः

| | | |
|---|---|---|
| ङ. | इन्टरनेट सेवा प्रदायक (ISP) दर्ता/नवीकरण शुल्क | ५,०००।- |

**४.** दफा ९ सँग सम्बन्धित अनुसूची-८ को खण्ड 'ठ' पछि देहायको बुँदा थप गरिएको छः

ड. चालु आ.व. भित्र इन्धनको मूल्यमा हेरफेर भएमा वा नयाँ स्थानहरुमा सेवा सञ्चालन गर्नु पर्ने भएमा पछि बस्ने नगर सभाले अनुमोदन गर्ने गरी नगर कार्यपालिकाको बैठकले निर्धारण गरेबमोजिम खण्ड 'ङ', 'झ','ञ' अन्तर्गतका सेवा बापतको नयाँ भाडादर कायम हुनेछ।

**आज्ञाले**
**रविन कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**